# नवलपुर जिल्ला अदालत

कावासोती

## <u>फिरादपत्र दर्ता गर्दा आवश्यक पर्ने विवरण र कागजात</u>

- ❖ वादीको तिनपुस्ते सहित नाम, थर, वतन, टेलिफोन नम्वर, ईमेल, कार्यलय भए सो समेत ,
- ❖ प्रतिवादीको पति, पत्नी, वुबा, आमा, बाजे, बज्यैको नाम सहित नाम, थर, उमेर, ईमेल, टेलिफोन नं.सहितको परिचयात्मक विवरण,
- ❖ वादी प्रतिवादीको साविक र हालको ठेगाना, वडा नं., टोल, मार्ग, ब्लक नं.,
- ❖ पेटबोलीमा उल्लेख भएका व्यक्तिको समेत उपरोक्त अनुसारको परिचयात्मक विवरण सहितको ठेगना,
- ❖ वसोवास वा वतन खुल्ने कागज प्रमाण,
- ❖ दावीसँग सम्बन्धित प्रमाणको सक्कल र नक्कल,
- ❖ अदालतको क्षेत्राधिकार सम्बन्धी कानून,
- ❖ वादी दावीसँग सम्बन्धित कानून,
- ❖ हदम्याद र हकदैया सम्बन्धी कुरा।

# अधिकृत वारेसनामा प्रमाणित गर्न आवश्यक कागजात र प्रकृया

- ❖ रित पूर्वकको संयुक्त निवेदन,
- ❖ तयारी अधिकृत वारेसनामा,
- ❖ लिने दिनेको सेतो पृष्ठभूमीमा हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३/३ प्रति,
- ❖ लिने दिने दुबैको सक्कल नागरिकता र प्रतिलिपी,
- ❖ सक्कल जग्गाधनी प्रमाण पूर्जा र प्रतिलिपी,
- ❖ जग्गाको चालु आ.व.को. मालपोत तिरेको रसिद,
- ❖ मुद्दा गर्न दिने भए मुद्दाको विषय वस्तु, मुद्दाको विवरण,
- ❖ मस्यौदाकार र दुईजना साक्षीको नाम, ठेगाना, उमेर, ना.प्र.नं. जारी जिल्ला समेत उल्लेख हुन पर्ने र दर्खास्त गरेको हुनुपर्ने,
- ❖ प्रमाणित गर्न लाग्ने दस्तुर रु.५००।—
- ❖ दिनको १ बजे भित्रमा निवेदन दिनु पर्ने।

# धर्म पुत्र/धर्म पुत्री लिखित प्रमाणितको लागि आवश्यक विवरण र कागजतहरु

- आफ्नो पूर्ण वैवाहिक र पारिवारिक अवस्था र सो को प्रमाण,
- वैवाहिक अवस्था, उमेर, कानूनले धर्म पुत्र/ धर्म पुत्री राख्न पाउने आधार कारण, अवस्था, प्रमाण आदि।
- जैविक बावु आमाको मञ्जुरी सहित जैविक बावु आमाको उपस्थिति,
- निवेदक र साक्षीको नागरिकताको प्रमाणित प्रतिलिपी,
- स्थानिय निकायको सिफारिस,
- बिवाह दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
- संस्थाले दिने भए संस्थाको विधानको प्रमाणित प्रतिलिपी र संस्थाको निर्णय,
- वालक/ वालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी,
- वालवालिका हकदावी गर्न आउने सूचनाको प्रमाणित प्रतिलिपी,
- प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला वालवालिका सेवा निर्देशनालयको सिफारिस,
- अनाथ वालवालिक भए जिल्ला प्रशासन कार्यालयको प्रमाणपत्र,
- सम्बन्धित संस्थाको आवश्यक पत्र,
- मेडिकल वोर्डको सिफारिस,
- धर्म पुत्र/धर्म पुत्री लिनेको नाता प्रमाणितको प्रतिलिपी,
- धर्म पुत्र/धर्म पुत्री उपलब्ध गराई पाउँ भन्ने पत्रको प्रतिलिपी,
- आम्दानीको श्रोत/आर्थिक हैसियत खुल्ने विवरण र प्रमाण,
- सम्बन्धित संस्थाको प्रतिनिधि खटाईएको वेहोराको पत्र,
- प्रमाणित गर्न लाग्ने दस्तुर रु.५००।—

# <u>दर्ताद्धारा विवाह गर्न आउँदा आवश्यक पर्ने कागज</u>

❖ निवेदन दिँदा खुलाउनु पर्ने कुराहरु

- आफ्नो नाम, थर, ठेगाना, पेशा,
- बाबु , आमा, बाजे, बज्यैको नाम,
- अघि विवाह भए वा नभएको कुरा,
- विवाह भएको वैवाहिक सम्बन्ध अन्तय भएको बेहोरा खुल्ने प्रमाण,
- कम्तिमा दुई जना साक्षीको नाम, ठेगाना सक्कल प्रमाण सहित साक्षी उपस्थित हुनु पर्ने,
- अन्य जिल्लाका वा विदेशी भए नवलपुर जिल्लामा कम्तिमा १५ दिन बसेको पुष्टि हुने प्रमाण,
- विदेशी र विदेशी तथा विदेशी र नेपाली नागरिक भए आ-आफ्नो मुलुकको कानून बमोजिमको सक्षमता योग्यता र सर्त पालन गर्नु पर्ने,
- विदेशी नागरिकले आफ्नो देशको कानून बमोजिम विवाह गर्न योग्य र सक्षम भएको कुराको घोषणा गर्नु पर्ने,
- विदेशीले आफ्नो दुतावास वा सम्बन्धित निकायबाट विवाह गर्न योग्य रहेको भन्ने उल्लेख भएको पुष्टी हुने प्रमाण पेस गर्नु पर्ने,
- विदेशी नागरिकले आफ्नो देशको विवाह सम्बन्धी कानूनको नेपालीमा अनुवाद गरेको नोटरीद्धारा प्रमाणित गर्नु पर्ने ।